नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
# आन्तरिक राजस्व कार्यालय
तुलसीपुर, दाङ

☎ ०८२-५२०००९,
५२२१०९,
५२०१७५
Fax: ५२०००९,
e-mail: iro51@ird.gov.np
Web:www.ird.gov.np

प.स. २०८३/०८४
च.नं. ९१

मितिः२०८३।०४।१२

विषय : स्वतः प्रकाशन सम्बन्धमा।

श्री हुलाक निर्देशनालय, दाङ
घोराही दाङ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ बमोजिम प्रकाशन गरिएको यस कार्यालयको त्रैमासिक विवरण (२०८३ वैशाख देखि असारसम्म) सर्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि सूचना पाटीमा टाँस गरी सो को एक प्रति यसै पत्रसाथ संलग्न राखी पठाईएको बेहोरा जानकारीका लागि अनुरोध छ ।

(श्रीधर टण्डन)
प्रमुख कर अधिकृत

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय
घोराही दाङः- तहाँको जानकारीको लागि एक प्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम (३) बमोजिम प्रकाशन गरिएको

# त्रैमासिक विवरण

## कार्यालय: आन्तरिक राजस्व कार्यालय तुलसीपुर दाङ

आर्थिक वर्ष: २०८२/०८३ अवधि: २०८३ वैशाख १ गते देखि २०८३ असार मसान्तसम्म

| सि.नं. | शीर्षक | विवरण |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | **१. पृष्ठभूमि**<br>आन्तरिक राजस्व कार्यालय दाङ आन्तरिक राजस्व विभाग अन्तर्गतको आन्तरिक राजस्व परिचालन गर्ने निकाय हो । कर राजस्व परिचालन गर्न यस कार्यालय कृयाशील छ । शासन व्यवस्थाको मेरुदण्डको रूपमा रहेको कर प्रणालीको प्रभावकारी सञ्चालन, व्यवस्थापन र सुदृढीकरणका माध्यमबाट दिगो आर्थिक विकास हासिल हुने र सेवा प्रवाह प्रभावकारी भई सुशासन कायम हुन्छ । कर प्रणाली अन्तर्गत कर नीति, कर कानून, कर प्रशासन र करदाता समेटिएका हुन्छन्। समय सापेक्ष कर नीति, सरल कर कानून, इमान्दार करदाता, पारदर्शी एवं जिम्मेवार र व्यवसायिक कर प्रशासन कर प्रणालीका आधार हुन्। अतः कर प्रणालीका तत्वहरु मध्ये प्रमुख रहेको कर प्रशासनलाई अझ सुदृढ, दक्ष, आधुनिक र प्रविधियूक्त बनाई मितव्ययी तवरबाट करदातालाई प्रदान गर्ने सेवामा प्रभावकारिता ल्याई अधिकतम राजस्व परिचालन गर्नका लागि आधुनिक कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा, तथ्य एवं सूचनामा आधारित अनुसन्धान, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरी कर कानूनहरूको प्रभावकारी एवं कुशल कार्यान्वयन गर्ने उद्देश्यका साथ यस कार्यालयको गठन भएको हो। यस कार्यालयले वित्त नीति अन्तर्गत कर नीतिको महत्वपूर्ण उपकरण मानिएको प्रत्यक्ष कर आयकर तथा अप्रत्यक्ष कर मूल्य अभिबृद्धि कर र अन्तःशुल्कका साथै स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, प्रदुषण नियन्त्रण शुल्क, विधुतीय सेवा कर, विलासिता शुल्क सम्बन्धी कर कानूनको कार्यान्वयन तथा प्रशासन गर्दछ ।<br>कार्यालयले सम्पादन गर्ने कार्यमा विशिष्टीकरण गरी प्रवाह गर्ने सेवामा उत्कृष्टता ल्याउन कामको आवश्यक विश्लेषण गरी कार्यगत संगठनात्मक कार्य ढाँचा अवलम्बन गरिएको छ। त्यस्तै कार्यालयको हरेक क्रियाकलापलाई व्यवसायिक बनाई नमूना संगठनको रूपमा स्थापित गर्नका लागि नतिजामुखी प्रशासनलाई अंगिकार गरिएको छ। प्रभावकारी कर शिक्षा र करदातामैत्री व्यवहारको माध्यमबाट मुलुकको आन्तरिक स्रोत परिचालनमा बढोत्तरी ल्याउने प्रमुख ध्येयका साथ "कर प्रणालीको सार, लगानीको आधार" मूल नाराका साथ तालुक आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरुले आफ्ना गतिविधिहरु लक्षित गरी कार्य गर्दै आएका छन्। जसले गर्दा कर कानूनको परिपालनामा सहजता आउनुका साथै करको दायरा फराकिलो हुनगई कर संकलनमा उल्लेख्य मात्रामा बृद्धि हुँदै आएको छ। |
| २. | निकायको काम, कर्तव्य र अधिकार | **प्रमुख कार्यहरु (Functions)**<br>करदाता सेवा,<br>कर संकलन,<br>कर परीक्षण, अनुसन्धान तथा कर फिर्ता,<br>आर्थिक प्रशासन, कर्मचारी प्रशासन सम्बन्धी कार्यहरु । |

प्रमुख कर अधिकृत

| | | |
|---|---|---|
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | कार्यालयमा राजपत्राङ्कितर्फ ७, राजपत्र अनंङ्कितर्फ ९, श्रेणी विहिन १ गरी जम्मा १७ जनाको स्थायी दरबन्दी रहेको छ । सो बाहेक हलुका सवारी चालक र कार्यालय सहयोगी सम्बन्धी सेवा करारमा लिन सकिने व्यवस्था छ। |
| ४. | निकायबाट प्रदान गरिने सेवा | (तलको तालिका हेर्नुहोस्) |

नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व कार्यालय तुलसीपुर, दाङ

**४. निकायबाट प्रदान गरिने सेवा**

| सि.नं. | सेवाको विवरण |
|---|---|
| १. | ब्यक्तिगत स्थायी लेखा नम्बर (Personal PAN) दर्ता गरी कार्ड दिने |
| २. | व्यवसायिक स्थायी लेखा नम्बर (Business PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता गरी प्रमाणपत्र दिने |
| ३. | अन्तःशुल्कमा दर्ता गरी इजाजत पत्र दिने |
| ४. | अन्तःशुल्क इजाजतपत्र नविकरण |
| ५. | Tax Payer Login Username तथा Password प्रदान गर्ने |
| ६. | व्यक्तिगत करचुक्ता प्रमाणपत्र (Personal Tax Clearance Certificate) प्रदान गर्ने |
| ७. | व्यवसायसँग सम्बन्धी विवरण परिवर्तन गर्नको लागि (जस्तैः शाखा थप गर्न, व्यवसायको नाम, ठेगाना, उद्देश्य परिवर्तन) र व्यक्तिगत स्था.ले.नं.मा विवरण संशोधन लगायतका कार्य) |
| ८. | डे -०३ आय विवरण पेश गर्ने करदातालाई व्यवसायिक करचुक्ता प्रमाणपत्र (Business Tax Clearance Certificate) प्रदान गर्ने |
| ९. | प्यान स्थगन (बन्द) तथा मू.अ. कर/अन्तःशुल्क दर्ता खारेजी गर्ने |
| १०. | बैंक भौचर तथा E-TDS विवरण संशोधन गर्ने |
| ११. | विद्युतीय बीजक जारी गर्ने अनुमति दिने |
| १२. | बक्यौता लगत कट्टा तथा हिसाब मिलान |
| १३. | धरौटी फुकुवाको सिफारिस दिने |
| १४. | मू.अ.कर समायोजनको पत्र दिने |
| १५. | कर परीक्षण तथा अनुसन्धान सम्बन्धी कार्य |
| १६ | मूल्य अभिवृद्धि कर फिर्ता |

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

## करदाता सेवा शाखा

हाम्रो कर प्रणाली स्वयं कर निर्धारणमा आधारित प्रणाली हो। तसर्थ, करदातालाई आफ्नो कारोबार एवं व्यवसायको आफैंले सही एवं यथार्थपरक ढंगले लेखाङ्कन तथा प्रतिवेदन गर्न सक्षम तुल्याउनु करदाता सेवा एवं शिक्षाको मूल ध्येय हो । विद्यमान कर कानूनको परिपालनामा करदातालाई उत्प्रेरित गराउन उत्कृष्ट सेवाको सुनिश्चितता प्रदान गर्दै लागत कटौतिको माध्यमद्वारा कर सहभागितामा वृद्धि ल्याई प्रकियागत सरलीकरणको उचित प्रवन्ध गर्न सकिएमात्र स्वेच्छिक कर सहभागिता वृद्धि भई आन्तरिक राजस्व परिचालनमा सकारात्मक प्रभाव पर्दछ। यस शाखाले करको दायरा विस्तार गरी स्वेच्छिक कर सहभागितामा बढोत्तरी ल्याउनका लागि करदाता सेवा तथा शिक्षा जस्ता अत्यावश्यकीय कार्यहरु गर्ने गराउने गर्दछ। कर प्रयोजनको लागि दर्ता गरी स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र जारी गर्ने, आय विवरण तथा मूल्य अभिवृद्धि करको विवरण प्राप्त गर्ने, करचुक्ता प्रमाण पत्र जारी गर्ने र करदाता शिक्षा प्रदान गर्ने कार्यको लागि यस शाखामा एक जना कर अधिकृत र अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ । करदाताको सन्तुष्टि नै यस शाखाको लक्ष्य र कार्य सम्पादनको आधार हो ।

## राजस्व संकलन, बक्यौता तथा बेरुजू शाखा

राजस्व संकलन तर्फः

आन्तरिक राजस्व कार्यालयका नियमित गतिविधिहरु समेत राजस्व संकलनको प्रमुख उद्देश्यले नै लक्षित भएका छन्। कार्यालयले प्रशासन गर्नुपर्ने करबाट हुनुपर्ने कर राजस्व संकलनको प्रक्षेपण र भएको संकलनको अनुगमन र प्रतिवेदन गर्ने मूल प्रयोजनका लागि यस शाखामा कर अधिकृत र अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ ।



प्रमुख कर अधिकृत

| | | |
|---|---|---|
| | | <u>बक्यौता तथा बेरुजु तर्फः</u><br>आफ्नो नाममा सिर्जना भएको कर दायित्व लामो समयसम्म नतिरी दायित्व बाँकी राख्ने करदाताहरुको लगत अद्यावधिक राखी बक्यौता रहेको आयकर, मूल्य अभिबृद्धि कर तथा अन्तःशुल्कका साथै स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, प्रदुषण नियन्त्रण शुल्क, विद्युतीय सेवा कर, विलासिता शुल्क असुल गर्न पत्राचार गर्ने, कारोवार एवं सम्पत्ति रोक्का राख्ने, सम्पत्ति कब्जा तथा लिलामी लगायत प्रकृया पूरा गरी अदालतमा मुद्दा दायर गर्ने जस्ता बक्यौता असुली सम्वन्धी कार्यको साथै कार्यालयको नाममा कायम रहेको बेरुजु समयमै फरफारक गरी आर्थिक अनुशासन प्रवर्द्धन गर्नका लागि यस शाखामा एक जना कर अधिकृत र अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ ।<br><br><u>कर परीक्षण तथा अनुसन्धान शाखा</u><br>हामीले अपनाएको कर प्रणाली पूर्णतया स्वयं कर निर्धारण सिद्धान्तमा आधारित रहेको छ । कानूनी व्यवस्था अनुसार प्रत्येक करदाता नै आफूले गरेको कारोवारको कर निर्धारण गर्ने कर अधिकृत हो। करदाताहरुले पेश गरेका विवरण बमोजिम दाखिला गरेको कर नै अन्यथा प्रमाणित नभएसम्म सामान्यतया अन्तिम मानिन्छ। स्वेच्छिक कर सहभागिता नजनाउने तथा यथार्थ भन्दा न्यून कर दाखिला हुने गरी सहभागिता जनाउने लगायत कर छली तथा चुहावटमा उद्यत रहने करदाता उपर निगरानी राख्न आवश्यक सूचना संकलन गर्ने, संकलित सूचना तथा जोखिम विश्लेषणको आधारमा आन्तरिक राजस्व विभाग तथा कार्यालयबाट छनौट भएका करदाताहरुको कारोवारको पूर्ण कर लेखा परीक्षण तथा कारोवारको विस्तृत अनुसन्धान गरी संशोधित कर निर्धारण गर्नका लागि यस शाखामा चार जना कर अधिकृत र अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ । |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | सेवाग्राहीले प्राप्त गर्ने सेवाको सन्दर्भमा लाग्ने समय, लागत र जिम्मेवार अधिकृत तोकी नागरिक बडापत्रमा उल्लेख गरिएको छ। |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | शाखागत रुपमा गर्नुपर्ने कार्यहरु कार्यालय प्रमुख समक्ष पेश भई कार्यालय प्रमुखबाट निर्णय गराई कार्य सम्पादन हुने गरेको छ। |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | कार्यालयबाट हुने निर्णयको सम्बन्धमा विभागको महानिर्देशक |

प्रमुख कर अधिकृत

<table>
<tr><td>९</td><td>सम्पादन गरेको कामको विवरण</td><td>कार्यालयमा रहेका विभिन्न शाखाहरुले सम्पादन गर्ने कार्यहरुको सम्बन्धमा आन्तरिक राजस्व विभागबाट तोकिएको शाखागत कार्यसम्पादन परिसूचकको वार्षिक लक्ष्य बमोजिम कार्य सम्पादन हुने गरेको छ। मुख्य मुख्य कार्यहरु निम्नानुसार छन्:<br>क. करदाता दर्ता तर्फः<br><br>
<table>
<tr><th>परिसूचक</th><th>२०८३ वैशाख देखि असार महिना सम्मको</th><th>आ.व.२०८२/८३ को असार महिना सम्मको</th></tr>
<tr><td>व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता संख्या</td><td>६०४१</td><td>२८४३५</td></tr>
<tr><td>व्यवसायिक स्थायी लेखा नम्बर दर्ता संख्या</td><td>१०९३</td><td>४३४२</td></tr>
<tr><td>मूल्य अभिबृद्धि करमा दर्ता संख्या</td><td>१८०</td><td>७१९</td></tr>
<tr><td>अन्त:शुल्क इजाजत संख्या (दर्ता)</td><td>७६</td><td>३५७</td></tr>
<tr><td>विथहोल्डर स्थायी लेखा नम्बर दर्ता संख्या</td><td>२४२</td><td>३२४</td></tr>
</table>
ख. अन्य कार्यगत परिसूचक तर्फः<br><br>
<table>
<tr><th>परिसूचक</th><th>२०८३ वैशाख देखि असार महिना सम्मको</th><th>आ.व.२०८२/८३ को असार महिना सम्मको</th></tr>
<tr><td>पूर्णकर परीक्षण संख्या</td><td>१८</td><td>३६</td></tr>
<tr><td>प्रारम्भिक अनुसन्धान संख्या</td><td>१५</td><td>२४</td></tr>
<tr><td>विस्तृत अनुसन्धान संख्या</td><td>१</td><td>२</td></tr>
<tr><td>अग्रिम कर कट्टी परीक्षण संख्या</td><td>२९</td><td>५८</td></tr>
<tr><td>बजार अनुगमन संख्या</td><td>११९</td><td>१६१</td></tr>
<tr><td>अबैध मदिरा कारोबार अनुगमन संख्या</td><td>१८</td><td>३४</td></tr>
<tr><td>संकलन भ्रमण संख्या</td><td>३९</td><td>७८</td></tr>
<tr><td>करदाता शिक्षा संख्या</td><td>९</td><td>१८</td></tr>
</table></td></tr>
<tr><td>१०</td><td>सूचना अधिकारी र प्रमुखको नाम र पद</td><td>सूचना अधिकारीः श्री उपेन्द्र बहादुर पुन, कर अधिकृत<br>प्रमुखः श्रीधर टण्डन, प्रमुख कर अधिकृत</td></tr>
<tr><td>११</td><td>ऐन, नियम, निर्देशिकाको सूची</td><td>• आयकर ऐन (संशोधन सहित), २०५८<br>• आयकर नियमावली (संशोधन सहित), २०५९<br>• मूल्य अभिबृद्धि कर ऐन (संशोधन सहित), २०५२<br>• मूल्य अभिबृद्धि कर नियमावली (संशोधन सहित), २०५३<br>• अन्तः शुल्क ऐन, २०५८ र अन्तः शुल्क नियमावली (संशोधन सहित), २०५९<br>• मदिरा ऐन, २०३१ र मदिरा नियमावली (संशोधन सहित), २०३३<br>• आयकर निर्देशिका (संशोधन सहित), २०६६<br>• मूल्य अभिबृद्धि कर निर्देशिका (संशोधन सहित), २०६९<br>• अन्तः शुल्क निर्देशिका (संशोधन सहित), २०६८<br>• विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०८२<br>• पूँजिगत लाभकर सम्बन्धी निर्देशिका (संशोधन सहित), २०७२<br>• हस्तान्तरण मूल्य सम्बन्धी निर्देशिका,२०८१<br>• बिलासिता शुल्क सम्बन्धी कार्यविधि,२०८१</td></tr>
</table>



प्रमुख कर अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
तुलसीपुर, दाङ

१२ | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस अवधिसम्मको खर्च रु.

| महिना | चालु खर्च | पुँजिगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| वैशाख | २०९१२१४.४० | १८५२२०.०० | २२७६४३४.४ |
| जेठ | १२६६२९२.१० | ०.०० | १२६६२९२.१० |
| असार | २९८६७२३.०० | १६६०८०.०० | ३१५२८०३.०० |

१३ | तोकिए बमोजिम अन्य विवरण

१४ | अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

१. करदाता शिक्षा तथा कर सम्बन्धी अन्तरक्रिया कार्यक्रमहरु भएको।

१५ | वेभसाईट भए सोको विवरण

www.ird.gov.np/office/irodang

१६ | वैदेशिक सहायता र ऋण,अनुदान एवं प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरणः नभएको

१७ | सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

राजस्व संकलन रकम रु. हजार (०००)मा

| प्रकारः | २०८३ वैशाख देखि २०८३ असार महिनासम्मको | | | आ.व.२०८२/८३ को असार महिनासम्मको | | |
|---|---|---|---|---|---|---|
| **Group** | **Total Target** | **Total Collection** | **Percent** | **Total Target** | **Total Collection** | **Percent** |
| Income Tax | १०२७२७३ | ९३६३४९ | ९१.१५% | २८५५२२० | २३८८१०५ | ८३.६४% |
| Rental Tax | ४२६०० | २७२६७ | ६४.०१% | ७९५६८ | ५७३६५ | ७२.१०% |
| Interest | १५३४७ | ७९९४ | ५२.०९% | ८४४३२ | ५१६६१ | ६१.१९% |
| VAT (Internal) | ६०३६२१ | ३५४८२४ | ५८.७८% | १४६६८३१ | १००१८६६ | ६८.३०% |
| Excise (Internal) | १७८६८७ | २५७०२६ | १४३.८४% | ५६७२५१ | ७७२६९८ | १३६.२२% |
| Health Service | ० | ० | ०.००% | ० | ० | ०.००% |
| Education | २९ | १३ | ४४.८३% | ५९ | ४७ | ७९.६६% |
| Other | ० | ७२९५ | ०.००% | ० | ३४३७७ | ०.००% |
| **Grand Total:** | १८६७५५७ | १५९०७६८ | ८५.१८% | ५०५३३६१ | ४३०६११९ | ८५.२१% |

१८ | वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

१९ | सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः यस ऐन तथा नियमावली बमोजिम निवेदन प्राप्त नभएको ।

२० | सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

यस ऐन तथा नियमावली बमोजिम सूचनाहरु अन्यत्र प्रकाशन नभएको ।

प्रमुख कर अधिकृत